# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४७ | अङ्क ९ | जेठ २०८० | मे-जुन २०२३


## नेपाल राष्ट्र बैंक ६८ औं वर्षमा प्रवेश

# वित्तीय स्थायित्व कायम गर्न बैंक प्रतिबद्ध : गभर्नर अधिकारी




नेपाल राष्ट्र बैंक स्थापनाको ६७ वर्ष पूरा गरी ६८औं वर्षमा प्रवेश गरेको छ। ६८औं वार्षिकोत्सवका अवसरमा वैशाख १४ गते बैंक परिसर बालुवाटारमा एक कार्यक्रम सम्पन्न भयो। गभर्नर महाप्रसाद अधिकारीले उक्त कार्यक्रम उद्घाटन गर्नुभएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले वित्तीय स्थायित्व कायम राख्न बैंक प्रतिबद्ध रहेको उल्लेख गर्दै अर्थतन्त्रको दीर्घकालीन सुधारको लागि उत्पादकत्व अभिवृद्धितर्फ क्रियाशील रहन सरोकारवालालाई अपिल गर्नुभयो। उहाँले भन्नुभयो, “वित्तीय स्थायित्व कायम राख्दै समष्टिगत आर्थिक स्थिरता कायम राख्ने कार्यमा राष्ट्र बैंक सदैव प्रतिबद्ध छ। बैंकिङ क्षेत्रको स्रोत साधनलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नुपर्ने आवश्यकता छ। अर्थतन्त्रको दीर्घकालीन सुधारको लागि समग्र उत्पादन र उत्पादकत्व बढाउनेतर्फ क्रियाशील हुन सम्पूर्ण सरोकारवालालाई अपिल गर्दछु।”

अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधारसँगै तरलता व्यवस्थापन सहज भए तापनि अन्तर्राष्ट्रिय परिवेशका कारण मूल्यस्थितिमा परेको दबाब भने अझै कायम रहेको धारणा गभर्नर अधिकारीले राख्नुभयो। “गत वर्षको तुलनामा व्यापार घाटामा केही कमी आएको, विप्रेषण प्रवाहमा वृद्धि र पर्यटन क्षेत्रमा आएको सुधारका कारण शोधनान्तर स्थिति पनि बचतमा रहन थालेकोले अघिल्लो वर्षको तुलनामा अर्थतन्त्रको बाह्य क्षेत्रलगायत बैंकिङ क्षेत्रको तरलतामा पनि सुधार आएको देखिन्छ।” उहाँले भन्नुभयो।

विकास खर्च र कर्जा प्रवाहमा कमी आउँदा आर्थिक गतिविधि केही शिथिल देखिएको र सरकारको राजस्व सङ्कलनमा गिरावट आएको गभर्नर अधिकारीको धारणा थियो। तथापि बाह्य क्षेत्रको सहजतासँगै बैंकिङ प्रणालीको तरलतामा सुधार आएको र बैंक तथा वित्तीय संस्थाले ब्याजदर घटाउन थालेकाले आन्तरिक आर्थिक गतिविधिमा सुधार देखिने उहाँको अपेक्षा थियो। राजस्व चुहावट नियन्त्रणमा अपनाइएको थप सक्रियताका कारण राजस्व सङ्कलनमा सुधार आउने विश्वास उहाँले व्यक्त गर्नुभयो। सम्बोधनका क्रममा गभर्नर अधिकारीले चालु आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकबाट भएका महत्वपूर्ण कार्यसम्पादनको विवरणसमेत प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा नेपालको आर्थिक, वित्तीय, मौद्रिक तथा व्यवस्थापकीय क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप पूर्व गभर्नर विजयनाथ भट्टराईलाई सम्मान गरिएको थियो। गभर्नर अधिकारीले उहाँलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो। सो अवसरमा पूर्व गभर्नर भट्टराईले पछिल्लो समय वित्तीय क्षेत्रविरुद्धको आन्दोलनको कारण खराब कर्जा बढ्न थालेको उल्लेख गर्दै त्यस्ता गतिविधि वित्तीय स्थायित्वको निम्ति हानिकारक हुनसक्ने टिप्पणी गर्नुभयो। त्यस्ता गतिविधिलाई समयमै नियन्त्रण गर्न उहाँले सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो। वित्तीय क्षेत्रमा विभिन्न चुनौती देखिएको उल्लेख गर्दै राष्ट्र बैंकले नियमन



र सुपरिवेक्षणलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले बाह्य क्षेत्र व्यवस्थापनको निम्ति राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाको सकारात्मक प्रभाव अर्थतन्त्रमा देखिएको र समग्र वित्तीय स्थायित्व कायम गर्नेतर्फ बैंक थप सजग रहेको बताउनुभयो । यसको निम्ति सरकार, राष्ट्र बैंक र सरोकारवाला पक्षबीच प्रभावकारी समन्वय हुनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो । गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले समापन मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष राजीव शर्मा रेग्मी, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष रेशमबहादुर बल्छौडी, नेपाल राष्ट्र बैंक कर्मचारी संघका कार्यबाहक अध्यक्ष शङ्करप्रसाद भट्टराई र नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका अध्यक्ष सिद्धिकृष्ण जोशीले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा बैंकमा २० वर्ष सेवा अवधि पूरा गरेका १९ जना कर्मचारीलाई 'बीस वर्षे सेवा उपहार' प्रदान गरिएको थियो । यसरी उपहार पाउनेमा कार्यकारी निर्देशकहरू




ऋषिकेश भट्ट, रामु पौडेल, तुलसीप्रसाद घिमिरे र गुरुप्रसाद पौडेल; निर्देशकहरू हिमप्रसाद न्यौपाने, गोविन्दप्रसाद नागिला, मीना पाण्डे, डिलाराम सुवेदी, केशवबहादुर केसी, शैलेन्द्र रेग्मी, वीरेन्द्रदत्त अवस्थी, नीरा ताल्चाभडेल र थानेश्वर आचार्य हुनुहुन्छ। यसै गरी, निर्देशक (सू.प्र.) सौरभदास मानन्धर, तरुणकुमार झा, सहदेव चन्द र डा.तेजनारायण ठाकुर, उप-निर्देशक (इलेक्ट्रिकल) सचिन गोर्खाली र सहायक उदयशङ्कर शर्माले बीस वर्षे उपहार प्राप्त गर्नुभएको थियो। उपहार प्राप्त गर्ने कर्मचारीमध्येबाट सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले राष्ट्र बैंकको आफ्नो बीसवर्षे अनुभवको चर्चा गर्दै यो अवसरको निम्ति बैंकप्रति आफू कृतज्ञ रहेको धारणा राख्नुभयो।

यसै गरी, बैंकले यसै वर्षदेखि 'नेपाल राष्ट्र बैंक सेवा पुरस्कार' प्रदान गर्न सुरु गरेको छ। जसअनुसार पहिलो वर्ष सूचना प्रविधि विभागका उप-निर्देशक (सू.प्र.) रामनाथ पण्डितले 'नेपाल राष्ट्र बैंक सर्वोत्कृष्ट सेवा पुरस्कार' प्राप्त गर्नुभएको छ। यसै गरी, विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक मणिराज श्रेष्ठ, पोखरा कार्यालयका सहायक निर्देशक यशोधा पोखरेल, गभर्नरको कार्यालयका प्रधान सहायक लालकुमार सुवेदी र जनशक्ति व्यवस्थापन विभागका कार्यालय सहयोगी झनप्रसाद कोइरालालाई 'नेपाल राष्ट्र बैंक उत्कृष्ट सेवा पुरस्कार' प्रदान गरिएको थियो।





बैंकले यस वर्षदेखि उत्कृष्ट विप्रेषण सेवा प्रदायक र भुक्तानी सेवा प्रदायक संस्थालाई समेत प्रोत्साहन गर्ने अभ्यासको सुरुआत गरेको छ। जसअनुसार मुलुकभित्र सर्वाधिक विप्रेषण भित्र्याउने तीन वटा बैंक र तीन वटा रेमिट्यान्स कम्पनीले प्रशंसापत्र प्राप्त गरेका छन्। बैंकतर्फ हिमालयन, नेपाल एसबीआई र ग्लोबल आईएमई बैंक तथा विप्रेषण कम्पनीतर्फ आईएमई, सिटी एक्सप्रेस र प्रभु मनी ट्रान्सफरलाई प्रशंसापत्र प्रदान गरिएको हो। यसै गरी, विद्युतीय भुक्तानी कारोबारको प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएबापत नेपाल क्लियरिङ हाउस लिमिटेड र फोन पे पेमेन्ट सर्भिस लिमिटेडलाई प्रशंसापत्र प्रदान गरिएको छ।




कार्यक्रममा पूर्व गभर्नरहरू डा. भेषबहादुर थापा, गणेशबहादुर थापा, डा. युवराज खतिवडा र डा. चिरञ्जीवी नेपाल, बैंकका सञ्चालकद्वय तोयम राय र चिन्तामणि सिवाकोटी, पूर्व डेपुटी गभर्नरहरू, विभिन्न नियामक निकायका प्रमुख, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, बैंकका उच्च अधिकारी र कर्मचारी, पूर्व कर्मचारीलगायतको उपस्थिति थियो। गभर्नरको कार्यालयका निर्देशक किरण पण्डितले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# विभिन्न अतिरिक्त क्रियाकलाप सम्पन्न




बैंकको ६८ औं वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता सम्पन्न भएका छन् ।

६८ औं वार्षिकोत्सव मूल समारोह समितिको संयोजनमा उक्त कार्यक्रम सम्पन्न भएको हो । वैशाख १३ गते आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना र सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले प्रमाणपत्र, पदक/मेडल र नगद पुरस्कार प्रदान गर्नुभयो ।

यस क्रममा 'आर्थिक लेख प्रतियोगिता'मा संस्थागत योजना विभागका सहायक निर्देशक प्रदीपकुमार काफ्लेले प्रथम स्थान हासिल गर्नुभयो भने विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक सोमराज नेपाली र बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक अभियान उपाध्यायले क्रमशः द्वितीय र तृतीय स्थान हासिल गर्नुभएको छ ।

खेलकुदअन्तर्गत अन्तरविभागीय फुटसल प्रतियोगितामा बैंकिङ विभाग र जनशक्ति व्यवस्थापन विभागले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गरेका छन् । महिलातर्फको फुटसल प्रतियोगितामा सहभागी चार समूहमध्ये 'समूह सी' प्रथम र 'समूह ए' द्वितीय भएका छन् ।

यसैगरी, ब्याडमिन्टन प्रतियोगिताअन्तर्गत एक्जिक्युटिभ सिङ्गल्सतर्फ डा. राजनकृष्ण पन्त र ऋषिकेश भट्टले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभयो भने पुरुष सिङ्गल्समा धनबहादुर तामाङ र कालु तामाङले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभएको थियो । यस्तै, महिला सिङ्गल्सतर्फ रविना भट्ट प्रथम र अमृता श्रेष्ठ द्वितीय हुनुभयो । पुरुष डबल्सतर्फ डा. राजनकृष्ण पन्त र बबी केसीको जोडी प्रथम तथा रेशमबहादुर बल्छौडी र डिलाराम सुवेदीको जोडी द्वितीय भएको थियो ।

यसै गरी, कर्मचारीका छोराछोरीको सहभागितामा 'बाल चित्रकला प्रतियोगिता'














सम्पन्न भएको छ। यस प्रतियोगिताअन्तर्गत नर्सरी देखि कक्षा-१ समूहतर्फ सद्भाव थापा प्रथम तथा उपासना सापकोटा, दर्शित घिमिरे र रियान्स रेग्मीले क्रमशः द्वितीय, तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो। कक्षा २-४ समूहतर्फ सहश्री बज्राचार्य प्रथम र अथर्व पौडेल द्वितीय हुनुभयो भने लुनिभा श्रेष्ठ र अलायन बुढाले क्रमशः तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो।

यस्तै, कक्षा ५-७ समूहमा जेनिश न्यौपाने प्रथम र अनुरा श्रेष्ठ द्वितीय हुनुभयो भने क्रिषभ धुंजु र दृष्णा थारुले क्रमशः तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो। कक्षा ८-१० समूहतर्फ आईशा सुनुवार प्रथम र स्पर्ष भट्टराईले द्वितीय पुरस्कार प्राप्त गर्नुभयो भने बेलिशा अधिकारी र अनुजा कोइरालाले क्रमशः तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो। प्रतियोगितामा १७० भन्दा बढी बालबालिकाको सहभागिता थियो।

यसै गरी, बैंकको वार्षिकोत्सवका अवसरमा वैशाख १२ गते बैंक परिसर, बालुवाटारमा रक्तदान कार्यक्रम सम्पन्न भयो। सो अवसरमा १३१ जनाले रक्तदान गर्नुभएको थियो। ■

# विद्युतीय भुक्तानी प्रवर्द्धन प्रभातफेरी









वैशाख १६ गते काठमाडौंमा 'विद्युतीय भुक्तानी कारोबार प्रभातफेरी - २०८०' सम्पन्न भयो । विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाल राष्ट्र बैंकले उक्त प्रभातफेरी कार्यक्रम आयोजना गरेको हो ।

दरबारमार्गबाट सुरु भएको प्रभातफेरी भद्रकाली, सहिदगेट, जमलबाट पुनः दरबारमार्ग, नारायणहिटी सङ्ग्रहालय, नारायणचौर, प्रहरी नक्साल, भाटभटेनी हुँदै बालुवाटारस्थित बैंक परिसरमा पुगेर समापन भएको थियो ।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, विप्रेषण कम्पनी, भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाका प्रतिनिधिसँगै राष्ट्र बैंकका उच्च अधिकारी र कर्मचारीसहित छ सयभन्दा बढीको सहभागिता थियो । ■


विद्युतीय भुक्तानी प्रवर्द्धन वर्ष २०७९/८० को अवसरमा आयोजित
विद्युतीय भुक्तानी प्रवर्द्धन प्रभात फेरी २०८०
(Digital Payment Promotion Walkathon 2023)








राजस्व, बिल, महसुल, आवेदन शुल्क, दस्तुर आदिको भुक्तानी विद्युतीय माध्यमबाट गरौं ।
छिटो र सरल भुक्तानीका लागि विद्युतीय माध्यमको प्रयोग गरौं ।

# प्रदेशस्थित कार्यालयमा विभिन्न कार्यक्रम आयोजना

**बैंकको ६८ औँ वार्षिकोत्सवका अवसरमा बैंकका प्रदेशस्थित कार्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप, खेलकुद प्रतियोगिता र रक्तदान कार्यक्रम सम्पन्न भएका छन् ।**

### विराटनगर कार्यालय

६८ औं वार्षिकोत्सवका अवसरमा विराटनगर कार्यालयले वैशाख १२ गते रक्तदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी र सुरक्षाकर्मीसहित २२ जनाले रक्तदान गरेका थिए ।

यसै गरी, कार्यालयले वैशाख १३ गते प्रदेशस्तरीय अन्तरबैंक हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गऱ्यो । १६ वटा बैंकको सहभागिता रहेको उक्त प्रतियोगितामा नेपाल बैंक, सानिमा बैंक र कृषि विकास बैंकले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरे ।

वार्षिकोत्सवको अवसरमा विराटनगर कार्यालयमा कार्यरत कर्मचारी, पूर्व कर्मचारी र कर्मचारीका छोराछोरीबीच विभिन्न प्रतियोगिता सञ्चालन गरिएको थियो । कर्मचारीहरूबीच फुटसल, ब्याडमिन्टन, टेबुलटेनिस, नोट काउन्टिङ, म्युजिकल बल, हाजिरीजवाफ र हाँडीफोर प्रतियोगिता सञ्चालन गरिएको थियो । यसै गरी, पूर्व कर्मचारीहरूबीच म्युजिकल बल तथा कर्मचारीका छोराछोरीबीच बाल चित्रकला र म्युजिकल बल प्रतियोगिता सञ्चालन गरिएको थियो ।

वैशाख १४ गते कार्यालय परिसरमा आयोजित कार्यक्रममा विजयी प्रतियोगीलाई पुरस्कार वितरण गरिएको थियो ।



विराटनगर



जनकपुर


वीरगञ्ज

### जनकपुर कार्यालय

जनकपुर कार्यालयमा विभिन्न कार्यक्रम आयोजना गरी बैंकको ६८ औं वार्षिकोत्सव मनाइएको छ । यस क्रममा आयोजित ब्याडमिन्टन प्रतियोगिताअन्तर्गत पुरुष सिङ्गल्सतर्फ रामकुमार चौधरी र लोकबहादुर अधिकारी क्रमशः प्रथम र द्वितीय हुनुभयो भने डबल्सतर्फ मुमिहाङ राई र गोपालबहादुर बुढाथोकीको जोडी प्रथम तथा अर्जुनकुमार श्रेष्ठ र अजयकुमार सिंहको जोडी द्वितीय भयो । महिला सिङ्गल्सतर्फ पूजा पजियार प्रथम र सुमनकुमारी साह द्वितीय हुनुभएको थियो ।

यसै गरी, टेबुलटेनिस प्रतियोगितामा पुरुष सिङ्गल्सतर्फ मुमिहाङ राई र प्रेमसागर दाहाल क्रमशः प्रथम र द्वितीय हुनुभयो भने




पोखरा

डबल्सतर्फ मुमिहाङ राई र मनोहर थापाको जोडी प्रथम तथा सत्यप्रकाश पटेल र राधाकृष्ण सुवेदीको जोडी द्वितीय भयो। महिलातर्फ अञ्जली साह र पूजा पजियार क्रमशः प्रथम र द्वितीय हुनुभएको थियो।

वार्षिकोत्सवकै अवसरमा जनकपुर कार्यालय र जनकपुरस्थित बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूबीच मैत्रिपूर्ण क्रिकेट प्रतियोगिता आयोजना गरिएको थियो। उक्त प्रतियोगितामा जनकपुर कार्यालयको टोली विजयी भएको थियो। यस्तै, कार्यालयका कर्मचारीबीच सञ्चालित १०० मिटर दौडअन्तर्गत पुरुषतर्फ अर्जुनकुमार श्रेष्ठ प्रथम र धीरेन्द्र शर्मा द्वितीय हुनुभयो भने महिलातर्फ अञ्जली साह र पूजा पजियार क्रमशः प्रथम र द्वितीय हुनुभयो।

वार्षिकोत्सवका अवसरमा आयोजित हाजिरीजवाफ प्रतियोगितामा सुरेन्द्रकुमार साह, प्रवीणकुमार महतो, मनोहर थापा र आदित्य साहको टोली प्रथम तथा शिवराम यादव, छविलाल भण्डारी र पूजा पजियारको टोली द्वितीय भयो। वार्षिकोत्सवका अवसरमा कार्यालयमा म्युजिकल चेयर र घैंटोफोर प्रतियोगितासमेत सञ्चालन भएका थिए। कार्यालयमा वैशाख १२ गते रक्तदान कार्यक्रम सञ्चालन भयो भने १४ गते सरसफाई र वृक्षारोपण कार्यक्रम आयोजना गरिएको थियो।

## वीरगञ्ज कार्यालय

वीरगञ्ज कार्यालयले विभिन्न कार्यक्रमको आयोजना गरी बैंकको ६८ औं वार्षिकोत्सव मनाएको छ। यस क्रममा बैंकले अन्तरबैंक क्रिकेट, अन्तरबैंक महिला ब्याडमिन्टन र अन्तरकलेज हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्‍यो।

बैंकले वैशाख ७ देखि १० गतेसम्म अन्तरबैंक क्रिकेट प्रतियोगिता आयोजना गर्‍यो। हिमालयन बैंकलाई २० रनले हराउँदै नबिल बैंक उक्त प्रतियोगिताको विजेता बनेको थियो। यसै गरी, अन्तरकलेज हाजिरीजवाफ प्रतियोगितामा वीरगञ्ज पब्लिक कलेज प्रथम भयो भने अन्तरबैंक महिला ब्याडमिन्टन प्रतियोगिताको उपाधि नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले जित्न सफल भयो।

वार्षिकोत्सवका अवसरमा वीरगञ्ज कार्यालयका कर्मचारीहरूबीच ब्याडमिन्टन, टेबुल टेनिस, बुद्धिचाल, क्यारमबोर्ड, घैंटोफोर र म्युजिकल चेयर प्रतियोगिता सञ्चालन गरिएको थियो। वार्षिकोत्सवकै अवसरमा कार्यालयले वैशाख १४ गते वित्तीय चेतनामूलक प्रभातफेरी कार्यक्रम आयोजना गर्‍यो। कार्यालय परिसरबाट सुरु भएको प्रभातफेरी कार्यक्रम पुरानो बसपार्कको खुलाचौर पुगेर कोणसभामा परिणत भई समापन भएको थियो। वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीले उक्त कोणसभालाई सम्बोधन गर्नुभएको थियो।

## पोखरा कार्यालय

पोखरा कार्यालयले ६८ औं वार्षिकोत्सवको अवसरमा वैशाख १४ गते वार्षिकोत्सव समारोह सम्पन्न गरेको छ। कार्यालयका निर्देशक आर्या जोशीको संयोजकत्वमा आयोजित कार्यक्रममा गण्डकी प्रदेशमा सञ्चालित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, पोखरा कार्यालयमा कार्यरत र सेवानिवृत्त कर्मचारीहरूको उपस्थिति रहेको थियो।

सो अवसरमा निर्देशक जोशीले कार्यालयको वर्तमान अवस्थाबारे संक्षिप्त जानकारी दिँदै केन्द्रीय बैंकको भूमिकालाई समयसापेक्ष परिमार्जन र परिष्कृत गर्दै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो। कार्यक्रममा उप-निर्देशक सम्झना ढकालले



सिद्धार्थनगर




नेपालगञ्ज

स्वागत मन्तव्य राख्नुभयो भने नेपाल राष्ट्र बैंक कर्मचारी संघ, पोखरा समितिका अध्यक्ष अर्जुनराज तिवारी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्र बैंक पोखरा समितिका अध्यक्ष दलबहादुर थापा, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, पोखराका अध्यक्ष माधवप्रसाद सिग्देल, पोखरा फाइनान्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रविचन्द्र गुरुङ, नेपाल बैंकर्स संघ, गण्डकी प्रदेश च्याप्टरका संयोजक सूर्यबहादुर रोकालगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

वार्षिकोत्सव अवसरमा आयोजित फुटसल, ब्याडमिन्टन, टेबुलटेनिस, बाल चित्रकलालगायत र 'ग्लोबल मनी विक-२०२३' को सन्दर्भमा आयोजित निबन्ध प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण गरिएको थियो ।

## सिद्धार्थनगर कार्यालय

बैंकको ६८ औं वार्षिकोत्सवको अवसरमा सिद्धार्थनगर कार्यालयमा विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । यस क्रममा कार्यालयले वैशाख ९ गते मैत्रीपूर्ण अन्तरबैंक फुटबल प्रतियोगिता सञ्चालन गऱ्यो । राष्ट्र बैंकसहित बैंक तथा वित्तीय संस्थाका छ वटा टीमबीच सम्पन्न प्रतियोगितामा वाणिज्य बैंकको 'टीम ख' विजेता राष्ट्र बैंक उपविजेता भएको थियो ।

कार्यालयका कर्मचारीहरूबीच सञ्चालित बुद्धिचाल प्रतियोगितामा प्रकाश श्रेष्ठ विजेता र तथा सन्तोष गुप्ता उपविजेता हुनुभयो । यस्तै, ब्याडमिन्टन प्रतियोगिताको सिङ्गल्सतर्फ सन्दीप रसाइली र प्रदीप घिमिरे क्रमशः प्रथम र द्वितीय हुनुभयो भने डबल्सतर्फ सन्दीप रसाइली र कलिमान ओलीको जोडी प्रथम तथा प्रकाश श्रेष्ठ र होमबहादुर गर्तौलाको जोडी द्वितीय भयो ।

यसै गरी, टेबुलटेनिस प्रतियोगितामा पुरुषतर्फ शिशिर शर्मा र कृष्णप्रसाद भट्टराई क्रमशः प्रथम र द्वितीय हुनुभयो भने महिलातर्फ निर्मला दाहाल प्रथम तथा पूजा गुप्ता द्वितीय हुनुभयो । यसै गरी, हाजिरी जवाफ प्रतियोगितामा आर्थिक अनुसन्धान इकाइका सुशील खनाल, कमलप्रसाद आचार्य र दीक्षा अर्यालको टोली प्रथम तथा बैंकिङ इकाइका केशव श्रेष्ठ, प्रकाश श्रेष्ठ र प्रदीप घिमिरेको टोली द्वितीय हुनुभएको थियो । अन्तरफाँट फुटसल प्रतियोगितामा बैंकिङ इकाइ र आन्तरिक प्रशासन तथा लेखा फाँट उपविजेता भएको थियो ।

वार्षिकोत्सवका अवसरमा पूर्व कर्मचारीहरूबीच बकेट बल प्रतियोगिता, कर्मचारीका परिवार सम्मिलित हाँडीफोर प्रतियोगिता र कर्मचारीका छोराछोरीको सहभागितामा बाल चित्रकला प्रतियोगिता सञ्चालन गरिएको थियो । वार्षिकोत्सवका अवसरमा वैशाख १३ गते आयोजित रक्तदान कार्यक्रममा ५८ जनाले रक्तदान गर्नुभएको थियो ।

वार्षिकोत्सवका अवसरमा कार्यालयको सभाकक्षमा वैशाख १४ गते आयोजित कार्यक्रममा प्रतियोगिताका विजेतालाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो ।

## नेपालगञ्ज कार्यालय

नेपालगञ्ज कार्यालयमा विविध कार्यक्रमको आयोजना गरी बैंकको ६८ औं वार्षिकोत्सव मनाइएको छ ।

वार्षिकोत्सवको अवसरमा कार्यालयले रक्तदान कार्यक्रम, ब्याडमिन्टन (महिला/पुरुष), टेबल टेनिस (महिला/पुरुष), बुद्धिचाल, भलिबल, बालचित्रकला र पूर्व कर्मचारीको लागि घैंटोफोर प्रतियोगिता आयोजना गरिएको थियो । वैशाख १४ गते कार्यालयमा आयोजित कार्यक्रममा विजयी प्रतियोगीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाले शुभकामना मन्तव्य राख्दै बैंकमा कर्मचारीको योगदानको प्रशंसा गर्नुभयो । सो अवसरमा कार्यालयका उप-निर्देशक सुमनकुमार नेपाल, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक कर्मचारी संघ, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनका शाखा समितिका अध्यक्ष, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, नेपालगञ्ज शाखा समितिका अध्यक्षलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा नेपालगञ्ज कार्यालयका कर्मचारी र बैंकका पूर्व कर्मचारीहरूको उपस्थिति थियो ।

## सुर्खेत कार्यालय

बैंकको ६८ औं वार्षिकोत्सवको अवसरमा सुर्खेत कार्यालयमा विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । सो अवसरमा कर्णाली प्रदेशस्तरीय अन्तरबैंक फुटसल, सुर्खेत कार्यालयका कर्मचारीहरूबीच ब्याडमिन्टन, म्युजिकल चेयर प्रतियोगिता र प्रभातफेरी कार्यक्रम आयोजना गरिएको थियो ।

१४ वटा बैंकको सहभागितामा आयोजित फुटसल प्रतियोगितामा नेपाल इन्भेस्टमेन्ट मेगा बैंक र प्रभु बैंक लिमिटेड क्रमशः विजेता र उपविजेता भएका छन् ।


सुर्खेत

ब्याडमिन्टन प्रतियोगिताको सिङ्गल्सतर्फ पदमबहादुर शाही प्रथम र पूर्णबहादुर मौराती नेपाली द्वितीय हुनुभयो भने डबल्सतर्फ रमेश पंगेनी र धनबहादुर थापाको टोली प्रथम तथा भरतकुमार बुढा र भीमबहादुर कठायतको टोली दोस्रो भएको थियो। म्युजिकल चेयरमा सहायक पङ्खप्रसाद आचार्य विजेता हुनुभएको थियो। वैशाख १४ गते आयोजित कार्यक्रममा विजयी प्रतियोगीलाई पुरस्कार वितरण गरिएको थियो।

वार्षिकोत्सवको अवसरमा सुर्खेत कार्यालयले वैशाख १४ गते वित्तीय चेतनामूलक प्रभातफेरी कार्यक्रम आयोजना गऱ्यो। नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयबाट सुरु भएको प्रभातफेरी क्याम्पस रोड, मङ्गलगढी चोक, एरी चोक, वीरेन्द्र चोक, बुद्धपथ, घण्टाघर, कालिञ्चोक हुँदै पुनः कार्यालयमा पुगेर समापन भएको थियो। प्रभातफेरीमा सुर्खेत कार्यालय र सुर्खेतस्थित बैंक तथा वित्तीय संस्थाका कर्मचारीको सहभागिता थियो।

### धनगढी कार्यालय

धनगढी कार्यालयमा विभिन्न कार्यक्रमको आयोजना गरी ६८ औं वार्षिकोत्सव मनाइएको छ। वार्षिकोत्सवको अवसरमा धनगढीमा क्रिकेट, फुटसल, ब्याडमिन्टन, टेबुलटेनिस, क्यारमबोर्ड, बाल चित्रकलालगायतका प्रतियोगिता आयोजना गरिएका छन्। साथै, रक्तदान, वृक्षारोपण र सरसफाइ कार्यक्रमसमेत आयोजना गरिएको थियो।

वार्षिकोत्सवको अवसरमा कार्यालयमा वैशाख १४ गते एक कार्यक्रम आयोजना भयो। धनगढी कार्यालयका पूर्व व्यवस्थापक सत्यप्रकाश ओझाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीहरू, राष्ट्र बैंकका पूर्व कर्मचारी, नेपाल बैंकर्स एसोसिएसन सुदूरपश्चिम प्रदेश च्याप्टरका प्रमुख टेकराज भट्ट, नेपाल बैंकर्स क्लब धनगढीका अध्यक्ष मुकुन्द भट्ट, धनगढीस्थित बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख, सञ्चारकर्मीलगायतको उपस्थिति थियो।

कार्यक्रममा धनगढी कार्यालयका का.मु. निर्देशक अस्मिता गोर्खालीले कार्यालयबाट भएका विभिन्न गतिविधिबारे जानकारी दिँदै सुदूरपश्चिम प्रदेशको वित्तीय स्थिति र सम्भावनाबारे प्रकाश पार्नुभयो। सो अवसरमा कार्यालयका पूर्व व्यवस्थापक ओझा, नेपाल राष्ट्र बैंक कर्मचारी संघ धनगढीका अध्यक्ष डम्बरदत्त भट्ट, नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंक धनगढीका अध्यक्ष ध्रुव कार्की, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन नेपाल राष्ट्र बैंक धनगढीका प्रतिनिधि प्रेम चन्द ठकुरी, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ धनगढी समितिका अध्यक्ष भोजराज जोशी, नेपाल बैंकर्स एसोसिएसन सुदूरपश्चिम प्रदेश च्याप्टरका प्रमुख टेकराज भट्टले शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा कार्यालयका उप-निर्देशक कुबेर थापाले स्वागत मन्तव्य राख्नुभयो भने अर्का उप-निर्देशक राजनबाबु पाण्डेयले वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रमबारे जानकारी दिनुभयो। सो अवसरमा अतिरिक्त क्रियाकलापमा विजयी प्रतियोगीलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो। ■


धनगढी

# मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक




बैंकले आ.व. २०७९/८० को निम्ति जारी गरिएको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ।

वैशाख २९ गते सार्वजनिक गरिएको समीक्षामार्फत मौद्रिक नीतिलाई केही लचिलो बनाइएको छ। 'मौद्रिक नीतिको कार्यदिशालाई मुद्रास्फीति र विदेशी विनिमय सञ्चितिको वर्तमान अवस्था र सम्भावित परिदृश्यको आधारमा समष्टिगत आर्थिक स्थायित्व कायम राख्दै आन्तरिक आर्थिक गतिविधिहरू चलायमान बनाउन सहयोग पुऱ्याउने गरी सजगतापूर्वक केही लचिलो बनाइएको छ।' समीक्षामा भनिएको छ।

त्रैमासिक समीक्षामार्फत नीतिगत दरलाई सात प्रतिशतमा यथावत् राख्दै विद्यमान बैंक दरलाई एक प्रतिशत बिन्दुले घटाई ७.५ प्रतिशत कायम गरिएको छ। ब्याजदर करिडोरअन्तर्गतका अन्य दरहरूलाई यथावत् राखिएको छ। बैंक तथा वित्तीय संस्थाबाट जारी भएका ऋणपत्रलाई कर्जा-निक्षेप अनुपातमा गणना गर्ने प्रयोजनको लागि स्रोत (निक्षेप) को रूपमा समेत गणना गर्न पाउने व्यवस्थालाई २०८० पुस मसान्तसम्मको लागि निरन्तरता दिइने नीतिमा उल्लेख छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने तथ्याङ्कको आधारमा पछिल्ला दुई त्रयमाससम्म लगातार ऋणात्मक वृद्धि हुन गएका आर्थिक क्षेत्रहरूसँग सम्बद्ध ऋणीले सुविधा पाउने गरी कोषमा उपलब्ध स्रोतको सीमाभित्र रही पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइने समीक्षामा उल्लेख छ। अर्थतन्त्रको वास्तविक क्षेत्रमा देखिएको शिथिलतालाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाहको विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा होटल तथा रेष्टुरेन्ट, पशुपन्छीपालन, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जा र रु.पाँच करोडसम्मको अन्य क्षेत्रमा प्रवाह भएको कर्जालाई २०८० असार मसान्तभित्र पुनरसंरचना/पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने जनाइएको छ।

कर्जा चुक्ता गर्न परेको कठिनाइलाई दृष्टिगत गरी अल्पकालीन तथा चालु पुँजी प्रकृतिका कर्जालाई ब्याज नियमित रहेको अवस्थामा आवश्यकता र औचित्यको आधारमा कुनै किसिमको हर्जाना/शुल्क नलिने गरी तीन महिनासम्मका लागि २०८० असार मसान्तभित्र म्याद थप गर्न सक्ने व्यवस्था गरिने समीक्षामा उल्लेख छ। साथै लघुवित्त संस्थाका ऋणीलाई कर्जा चुक्तामा गर्न परेको कठिनाइलाई दृष्टिगत गरी सम्बन्धित संस्थाले आवश्यकता र औचित्यको आधारमा २०८० असार मसान्तभित्र कर्जाको पुनरसंरचना/पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने जनाइएको छ। मौद्रिक नीतिको तेस्रो समीक्षाको कार्यान्वयनबाट आन्तरिक तथा बाह्य क्षेत्र स्थायित्व सुदृढ भई आर्थिक गतिविधि सहज हुने अपेक्षा समीक्षा राष्ट्र बैंकले राखेको छ।

मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक भएपछि काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा गभर्नर महाप्रसाद अधिकारीले समीक्षाका विषयवस्तुबारे चर्चा गर्दै मुलुकको अर्थतन्त्रलाई गतिशील तुल्याउन सहज हुने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले अर्थतन्त्रको समष्टिगत स्थिति र मौद्रिक नीति २०७९/८० को तेस्रो त्रैमासिक समीक्षासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक एवम् बैंकका प्रवक्ता डा. गुणाकर भट्टले स्वागत मन्तव्य राख्नुभएको थियो।

पत्रकार सम्मेलनमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका उच्च अधिकारी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो। आर्थिक अनुसन्धान विभागका सहायक निर्देशक रेखा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# गभर्नर अधिकारी 43rd SAARCFINANCE Governors' Meeting and Symposium-2023 मा सहभागी

गभर्नर महाप्रसाद अधिकारी २०८० वैशाख १९ देखि २० गतेसम्म पाकिस्तानको इस्लामाबादमा आयोजित 43rd SAARCFINANCE Governors' Meeting and Symposium मा सहभागी हुनुभयो ।

कार्यक्रमको पहिलो दिन आयोजित 43rd SAARCFINANCE Governors' Group Meeting मा गभर्नर अधिकारीले विश्व अर्थव्यवस्थामा उत्पन्न असहजताले निम्त्याएको चुनौतीका बाबजुद नेपाल समग्र आर्थिक स्थायित्व कायम गर्न सफल भएको उल्लेख गर्दै मुलुकको आगामी आर्थिक परिदृश्यबारे चर्चा गर्नुभयो । सो अवसरमा उहाँले नेपालको वित्तीय क्षेत्र सबल रहेको र पछिल्लो समयमा तरलता तथा ब्याजदरमा देखिएको असहजता विस्तारै कम हुँदै गएको बताउनुभयो ।



उक्त बैठकमा माल्दीभ्स, पाकिस्तान र श्रीलङ्काका केन्द्रीय बैंकका गभर्नरहरूले कोभिड सङ्कटका साथै रुस-युक्रेन युद्धबाट सिर्जित भू-राजनीतिक तनावका कारण मूल्य र बाह्य क्षेत्रमा देखिएको चुनौती तथा त्यसको समाधानका लागि अवलम्वन गरिएका उपाय र आगामी आर्थिक परिदृश्यका सन्दर्भमा चर्चा गर्नुभएको थियो ।

बैठकमा सार्क क्षेत्रका केन्द्रीय बैंकहरूको सहकार्यमा भइरहेको प्रगति तथा आगामी दिनमा हुनुपर्ने सहकार्य लगायतका एजेण्डामा छलफल भएको थियो । दोस्रो सत्रमा बैंकका उप-निर्देशक सिद्धराज भट्टले नेपाल राष्ट्र बैंकको नेतृत्वमा सम्पन्न 'Prospects of Central Bank Digital Currency in the SAARC Region' विषयक अध्ययनको नतिजा प्रस्तुत गर्नुभयो । सो अवसरमा स्टेट बैंक अफ पाकिस्तानका निर्देशक Dr. M. Farooq Arby ले उक्त बैंकको नेतृत्वमा सम्पन्न 'The Use of Unconventional Policy Instruments by South Asian Central Banks' विषयक अध्ययनको नतिजा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो दिन आयोजना गरिएको 'Climate Change and Green Financing: Initiatives & Outlook in South Asia' विषयक Symposium मा बैंकका निर्देशक नारायणप्रसाद पोखेलले 'Climate Change and Green Financing in Nepal' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त बैठकमा अन्य सार्क मुलुकका प्रतिनिधिले समेत आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । बैठकमा सहभागी भई गभर्नर अधिकारी वैशाख २१ गते स्वदेश फर्कनुभएको थियो । ■

# 'नेपाल वित्तीय समावेशी प्रतिवेदन-२०२३' सार्वजनिक

अन्तर्राष्ट्रिय वित्त निगमले 'नेपाल वित्तीय समावेशीकरण प्रतिवेदन-२०२३' सार्वजनिक गरेको छ । वैशाख १५ गते काठमाडौंमा आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारी र नेपालको लागि संयुक्त राष्ट्र आवसीय प्रतिनिधि हाना सिङ्गर हाम्डीले संयुक्त रूपमा उक्त प्रतिवेदन सार्वजनिक गर्नुभयो ।

नेपाल राष्ट्र बैंक र अन्तर्राष्ट्रिय वित्त निगमद्वारा कार्यान्वयनमा ल्याइएको वित्तीय सेवा पहुँच परियोजनाअन्तर्गत निगम र संयुक्त राष्ट्रसंघीय पुँजी विकास कोषले उक्त प्रतिवेदन तयार गरेको हो । नेपालमा भौगोलिक दृष्टिले बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारसँगै वित्तीय पहुँच अभिवृद्धिमा उल्लेख्य प्रगति भएको प्रतिवेदनमा उल्लेख छ । सन् २०१७ देखि



२०२२ सम्म नेपालमा एटीएम संख्यामा १३१ प्रतिशतले वृद्धि भएको जनाइएको छ । साथै, सन् २०२२ मा बैंक तथा वित्तीय संस्थामा खाता रहेका वयस्क जनसंख्या ९० प्रतिशत पुगेको प्रतिवेदनमा उल्लेख छ । यसै गरी, बचत, कर्जा, बिमा, विप्रेषण जस्ता सूचकाङ्कमा समेत वृद्धि भएको जानकारी प्रतिवेदनले दिएको छ ।

कार्यक्रममा गभर्नर अधिकारीले वित्तीय पहुँचको विस्तारसँगै न्यून आय भएका व्यक्तिको जीवनस्तरमा सुधार ल्याउनुका साथै लघु, साना तथा मझौला उद्यमको उत्पादन क्षमता अभिवृद्धि गरेको धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, अन्तर्राष्ट्रिय वित्त निगम र संयुक्त राष्ट्रसंघीय पुँजी विकास कोषका प्रतिनिधिको सहभागिता थियो । ■

# सञ्चालक पोखरेलद्वारा कामु प्रधानन्यायाधीश कार्कीसमक्ष शपथ

अर्थ मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीसमक्ष नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्यको रूपमा शपथ लिनुभएको छ।

सर्वोच्च अदालतमा वैशाख २५ गते आयोजित एक कार्यक्रममा कायममुकायम प्रधानन्यायाधीश कार्कीले उहाँलाई पद तथा गोपनीयताको शथप ग्रहण गराउनुभएको हो। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयका सचिव नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ। सोही ऐनको दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ।



शपथ ग्रहण कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, रजिष्ट्रार नारायणप्रसाद पन्थी, सह-रजिष्ट्रार नारायणप्रसाद रेग्मी, नेपाल राष्ट्र बैंकका निर्देशक एवम् सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटालगायतका अधिकारीहरूको उपस्थिति थियो। ■

# पूर्व कार्यकारी निर्देशक पाण्डे सञ्चालक नियुक्त

नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक डा. रविन्द्रप्रसाद पाण्डे राष्ट्र बैंक सञ्चालक समितिको सदस्यमा नियुक्त हुनुभएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८० वैशाख २६ को निर्णयअनुसार पाण्डे बैंक सञ्चालक समितिको सदस्यमा नियुक्त हुनुभएको हो। वैशाख २८ गते आयोजित एक कार्यक्रमका बीच सञ्चालक पाण्डेले कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभयो।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयका सचिव नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ। सोही ऐनको दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ।



शपथग्रहण कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, रजिष्ट्रार नारायणप्रसाद पन्थी, सह-रजिष्ट्रार नारायणप्रसाद रेग्मी, नेपाल राष्ट्र बैंकका निर्देशक एवम् सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटालगायतका अधिकारीहरूको उपस्थिति थियो। ■

# पारस्परिक मूल्याङ्कनसम्बन्धी F2F Meeting सम्पन्न



पारस्परिक मूल्याङ्कनसम्बन्धी Face to Face (F2F) Meeting वैशाख १३ देखि १५ गतेसम्म काठमाडौंमा सम्पन्न भएको छ ।

एशिया प्यासिफिक समूह (एपीजी) का मूल्याङ्कनकर्ताको टोलीले नेपालका नियामक, सुपरिवेक्षक, अनुसन्धान र अभियोजन गर्ने निकायलगायत विभिन्न ५७ वटा संस्थाका अधिकारीहरूसँग छलफल गरेको थियो । APG का मूल्याङ्कनकर्ताको टोलीले तीनदिने F2F बैठकपछि वैशाख १५ गते मुख्यसचिव शङ्करदास बैरागी र गभर्नर महाप्रसाद अधिकारीसँग भेट गरेको थियो । उक्त भेटमा एपीजी सचिवालयका निर्देशक शानन रुथरफोर्डले पारस्परिक मूल्याङ्कनको हालसम्मको प्रगतिबारे जानकारी गराउनुभयो ।

F2F Meeting को क्रममा प्राविधिक परिपालनामा फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटीएफ) का ४० वटा सिफारिसअनुरूपका कानुन निर्माण भए/नभएको विषय र प्रभावकारिता मूल्याङ्कनमा कानुन कार्यान्वयनको अवस्थाबारे मूल्याङ्कन टोलीद्वारा प्रस्तुत भएका जिज्ञासामा सम्बन्धित सरकारी निकायका तर्फबाट जवाफ प्रस्तुत गरिएको थियो । साथै यसअघि उक्त टोलीले पठाएको पारस्परिक मूल्याङ्कन प्रतिवेदनको पछिल्लो मस्यौदाका विभिन्न बुँदामा समेत छलफल भएको थियो ।

पारस्परिक मूल्याङ्कनको प्रक्रियामा वित्तीय जानकारी इकाईले एपीजी सचिवालयसँग प्रमुख सम्पर्क विन्दुको रूपमा कार्य गरिरहेको छ भने इकाईका कर्मचारीहरू सम्पर्क अधिकृत तथा व्यवस्थापन टोली सदस्यको रूपमा कार्य गरिरहेका छन् ।

यसअघि २०७९ असोज २६ देखि २८ गतेसम्म Pre-onsite visit र मङ्सिर १९ देखि पुस १ सम्म Onsite visit भएको थियो । Onsite visit को सिलसिलामा मूल्याङ्कनकर्ताले वित्तीय जानकारी इकाईको कार्यालयसमेत अवलोकन गरेका थिए । ■

# व्यवस्थापन र कर्मचारी सङ्गठनबीच सहकार्य आवश्यक: गभर्नर अधिकारी



गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकको संस्थागत हित र वित्तीय स्थायित्वको निम्ति बैंक व्यवस्थापन र कर्मचारी सङ्गठनहरूबीच सहकार्य हुनुपर्ने बताउनुभएको छ।

वैशाख १७ गते बैंक परिसर बालुवाटारमा आयोजित नेपाल राष्ट्र बैंक कर्मचारी संघको नवौं महाधिवेशनको उद्घाटनका अवसरमा गभर्नर अधिकारीले उक्त धारणा राख्नुभएको हो। "व्यवस्थापन र कर्मचारी युनियनबीच दुरी देखिँदैन। बैंकको संस्थागत हित र स्थायित्वको निम्ति मिलेर अघि बढौं।" उहाँले भन्नुभयो। व्यवस्थापन र युनियन मिलेर 'विकृतिविहीन राष्ट्र बैंक'लाई स्थापित गर्नुपर्ने आवश्यकतामा गभर्नर अधिकारीले जोड दिनुभयो।

राष्ट्र बैंकको स्वायत्तता र वित्तीय प्रणालीमाथि चुनौती देखिएको उल्लेख गर्दै गभर्नर अधिकारीले वित्तीय स्थायित्वका निम्ति प्रतिबद्ध रहेर कार्यसम्पादन गर्न कर्मचारीहरूलाई आह्वान गर्नुभयो। कर्मचारीको क्षमता विकासको लागि बैंक व्यवस्थापन प्रतिबद्ध रहेको उहाँको धारणा थियो। राष्ट्र बैंकमा आबद्ध कर्मचारी सङ्गठनको भूमिका रचनात्मक रहेको चर्चा गर्दै गभर्नर अधिकारीले संस्थागत हितका सन्दर्भमा व्यवस्थापनलाई सधैँ मार्गदर्शन गर्न आग्रहसमेत गर्नुभयो।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, पेसागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकाल, उपाध्यक्ष भोलानाथ पोखरेल, बैंक बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (बिफु) नेपालका अध्यक्ष धर्मराज मैनाली, संघका पूर्व अध्यक्षलगायतको उपस्थिति थियो।

यसैबीच, संघको नवौं महाधिवेशनबाट गीता पोखेल लम्सालको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय समिति निर्वाचित भएको छ। संघको उपाध्यक्षमा तुलसीराम बानियाँ र रामहरि घिमिरे, महासचिवमा कृष्णप्रसाद खराल, सचिवमा डिल्लीराज आचार्य र विनोद बजगाईं, कोषाध्यक्षमा डिल्लीकुमार थापा र सह-कोषाध्यक्षमा रमेश खतिवडा निर्वाचित हुनुभएको छ।

यसै गरी सदस्यमा सरोज खनाल, अमिश ढुङ्गेल, रमेश पौडेल, यज्ञराज ढुङ्गेल, निर्जल घिमिरे, गोमा धिताल, कविता विश्वकर्मा, रेवती राई, रामसेवक मण्डल र सोमराज नेपाली निर्वाचित हुनुभएको जनाइएको छ। ■

# जनकपुर र सप्तरीमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम




गभर्नरको कार्यालयले २०७९ चैत महिनामा जनकपुर र सप्तरीमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ।

यसै क्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा चैत ३ गते जनकपुरमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो। सो अवसरमा कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले डिजिटल वित्तीय साक्षरताको महत्व, विद्युतीय भुक्तानीका माध्यम, सुरक्षा जोखिम र यसबाट बच्ने उपाय, डिजिटल वित्तीय साक्षरता प्रवर्द्धनमा नेपाल राष्ट्र बैंकको भूमिकाबारे जानकारी दिनुभयो।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक अशोक घिमिरेले स्वागत मन्तव्य राख्नुभयो भने डेपुटी गभर्नर तिम्सिनाले डिजिटल वित्तीय साक्षरताको सान्दर्भिकताबारे चर्चा गर्दै समापन मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा स्थानीय महिला, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, विद्यार्थी र वैदेशिक रोजगारीमा आश्रित परिवारका सदस्यसमेत ५५ जनाको सहभागिता थियो।

यसै गरी, कार्यालयले चैत ५ गते सप्तरीको कञ्चनपुरमा डिजिटल वित्तीय

साक्षरता कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले डिजिटल वित्तीय सक्षरताका विविध पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले डिजिटल वित्तीय साक्षरताको परिचय, महत्व, विद्युतीय भुक्तानीका माध्यम, नगदरहित कारोबारबाट व्यक्ति तथा राज्यलाई हुने फाइदा, यसको प्रयोगमा अपनाउनुपर्ने सुरक्षा सजगतालगायतका विषयमा प्रकाश पार्नुभएको थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले डिजिटल वित्तीय साक्षरताको आवश्यकताबारे चर्चा गर्दै समापन मन्तव्य राख्नुभयो । कार्यक्रममा ८० जनाको सहभागिता थियो । गभर्नरको कार्यालयका उप-निर्देशक टेकराज भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विदेशी मुद्राका कारोबार तथा व्यवस्थापनसम्बन्धी अन्तरक्रिया




बैंकिङ विभागले वैशाख २ गते काठमाडौंको कीर्तिपुरमा परिवर्त्य विदेशी मुद्रा कारोबार तथा सोको व्यवस्थापनमा देखिएका समस्या तथा चुनौती र समाधानका उपायसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बैंकिङ विभागमा नगदतर्फ कार्यरत कर्मचारीको ज्ञान, सीप, दक्षता र उत्प्रेरणा अभिवृद्धि गर्ने उद्देश्यका साथ विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले नेपाल राष्ट्र बैंक र विभिन्न मुलुकका केन्द्रीय बैंकमा नगद, ढुकुटी, भुक्तानी तथा रकमान्तर व्यवस्थापनको क्रममा भएका कमजोरीको कारण चोरी, जालसाजी, गलत भुक्तानी जस्ता वित्तीय अपराधजन्य घटना भएको सन्दर्भबारे उल्लेख गर्दै नगद व्यवस्थापनमा सतर्कता अपनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । यस क्रममा उहाँले स्विफ्ट रकमान्तरका क्रममा सन् २०१६ मा बङ्गलादेशको केन्द्रीय बैंक बङ्गलादेश बैंकमा भएको गलत भुक्तानी, सन् २०१४ मा अल्बानियाको केन्द्रीय बैंकको ढुकुटीबाट भएको चोरीसहित नाइजेरिया, तान्जानिया, ब्राजिल र भारतमा भएको वित्तीय अपराधका घटनाबारे चर्चा गर्नुभएको थियो ।

सो अवसरमा विभागका निर्देशक दुर्गेशगोपाल श्रेष्ठले विदेशी मुद्राको नगद कारोबारमा अवलम्बन गरिएका प्रक्रिया, बैंक तथा सरोकारवालाबीच देखिएका समस्या र समाधानका उपायबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, विभागका उप-निर्देशक बिन्ती श्रेष्ठ प्रसाईले नेपाली मुद्राको भुक्तानी प्रणाली तथा नगद व्यवस्थापनको कानुनी व्यवस्था, कारोबारका प्रक्रिया, बैंक तथा सरकारी निकायबीच देखिएका समस्या र उप-निर्देशक गेदा पंगेनीले नगद दाखिला प्रक्रिया र यसका समस्या, चुनौती तथा समाधानका उपायबारे प्रस्तुति दिनुभयो ।

कार्यक्रममा बैंकिङ विभाग र मुद्रा व्यवस्थापन विभागका ५५ जना कर्मचारीको सहभागिता थियो । विभागका निर्देशक आनन्द पौड्यालले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक राजेशप्रसाद शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया

गभर्नरको कार्यालयले वैशाख २८ गते काठमाडौंमा वित्तीय ग्राहक संरक्षण सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।



वित्तीय ग्राहक संरक्षणका नीतिगत, कार्यगत, व्यावहारिक समस्या र सोको समाधानका उपायमा केन्द्रित रहेर कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले वित्तीय ग्राहक संरक्षणलाई राष्ट्र बैंकले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै ग्राहकले खातामार्फत आफ्नो सम्पत्ति विश्वासका साथ सुम्पिने भएकाले सोको सुरक्षा गर्नु बैंक तथा वित्तीय संस्थाको प्राथमिक दायित्व रहेको धारणा राख्नुभयो। वित्तीय ग्राहक संरक्षणलाई प्रभावकारी बनाउन राष्ट्र बैंकले वित्तीय बजार आचरण सुपरिवेक्षण कार्यान्वयनमा ल्याउन लागेको जानकारी उहाँले दिनुभयो। पछिल्लो समयमा ग्राहक संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि भएको उल्लेख गर्दै गभर्नर अधिकारीले ग्राहकका गुनासोको समाधान सम्बन्धित वित्तीय संस्थाबाटै हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो।

कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले वित्तीय ग्राहक संरक्षणका लागि वित्तीय साक्षरता आवश्यक रहेको उल्लेख गर्दै वित्तीय सेवाका कानुनी र नीतिगत व्यवस्थाबारे सेवाग्राहीलाई जानकारी दिनुपर्ने आवश्यकतामा जोड दिनुभयो। डेपुटी गभर्नर बमबहादुर मिश्रले ग्राहकले गुनासो राख्ने अवस्था नै नआउने गरी बैंक तथा वित्तीय संस्थाले कुशल कार्यसम्पादन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

सो अवसरमा गभर्नरको कार्यालयका निर्देशक किरण पण्डितले वित्तीय ग्राहक संरक्षणका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले स्वागत मन्तव्य राख्दै समष्टिगत वित्तीय क्षेत्र स्थायित्वको निम्ति वित्तीय ग्राहक संरक्षणको आवश्यकताबारे जोड दिनुभयो। कार्यालयका उप-निर्देशक टेकराज भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

कार्यक्रममा राष्ट्र बैंकका उच्च अधिकारीसँगै बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र गुनासो सुन्ने अधिकारीहरूको उपस्थिति थियो। ■

# बर्दिबासमा एकीकृत निर्देशनसम्बन्धी अन्तरक्रिया सम्पन्न

जनकपुर कार्यालयले वैशाख १७ गते महोत्तरीको बर्दिबासमा 'बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन' सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।



बैंक तथा वित्तीय संस्था नियमन विभागको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा नियमन विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले वित्तीय क्षेत्रको वर्तमान स्थितिसँगै बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। एकीकृत निर्देशनमा यस वर्ष संशोधन र परिमार्जन भएका विषयका सम्बन्धमा समेत उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक अशोक घिमिरेले एकीकृत निर्देशनले वित्तीय क्षेत्रको नियमनमा एकरूपता र पारदर्शिता कायम गरेको धारणा राख्नुभयो। कार्यक्रममा सर्लाही, महोत्तरी, धनुषा र सिरहा जिल्लास्थित 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ५६ जनाको सहभागिता थियो।

कार्यालयका उप-निर्देशक रमेशकुमार कटवालले कार्यक्रमको आवश्यकता र औचित्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक राधेश्याम साहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# बैंकिङ कार्य निर्देशिका, २०७८ सम्बन्धी अनुशिक्षण



बैंकिङ विभागले वैशाख २९ गते सिद्धार्थनगरमा 'बैंकिङ कार्य निर्देशिका, २०७८' सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा विभागका का.मु.कार्यकारी निर्देशक आनन्द पौड्यालले बैंकद्वारा गरिने बैंकिङ कारोबारलाई व्यवस्थित गर्ने उद्देश्यले 'बैंकिङ कार्य निर्देशिका, २०७८' जारी गरिएको उल्लेख गर्दै बैंकिङ विभाग र प्रदेशस्थित कार्यालयले यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । अनुशिक्षणबाट सम्बद्ध कर्मचारीको कार्यकुशलता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा कार्यक्रममा उप-निर्देशक राजेशप्रसाद शर्माले आन्तरिक प्रशासन तथा सूचना प्रविधिसँग सम्बन्धित नीतिगत व्यवस्था, उप-निर्देशक बिन्ती श्रेष्ठले खाता व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था, समस्या र चुनौती तथा उप-निर्देशक गेदा पंगेनीले सरकारी लेखा, विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबार, नगद व्यवस्थापन, विदेशी विनिमय, ढुकुटी व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था, कार्य सञ्चालनमा देखिएका समस्या र चुनौती विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

अनुशिक्षण कार्यक्रममा बैंकिङ विभाग, आन्तरिक लेखापरीक्षण विभाग, वित्त व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाई र प्रदेशस्थित कार्यालयका ३३ जना कर्मचारीको सहभागिता थियो । बैंकिङ विभागका उप-निर्देशक राजेशप्रसाद शर्माले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पोखरामा नोटको प्रसार/प्रयोगसम्बन्धी अन्तरक्रिया



पोखरा कार्यालयले वैशाख ७ गते नोटको प्रसार/प्रयोगसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक आर्या जोशीको संयोजकत्वमा आयोजित कार्यक्रममा जिल्ला प्रशासन कार्यालय कास्की, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, बैंकर्स एसोसिएसन गण्डकी प्रदेश समिति, डेभलपमेन्ट बैंकर्स एसोसिएसन गण्डकी च्याप्टरका प्रतिनिधि र वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत एवम् प्रदेश प्रमुखलगायतको सहभागिता थियो ।

सो अवसरमा कार्यालयका सहायक निर्देशक विक्रम बुढाथोकीले नोटका विशेषता र नोट पहिचान गर्ने विधिबारे प्रस्तुति दिनुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका तर्फबाट राष्ट्र बैंकले अनलाइन पोर्टलसहित जाली नोटको डाटाबेस तयार गरी विश्लेषण गर्न सुझाव दिइएको थियो । विभिन्न सुरक्षा निकायका प्रतिनिधिले गण्डकी प्रदेशमा जाली नोटको प्रवृत्तिका सम्बन्धमा जानकारी दिँदै यसबारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

सो अवसरमा पोखरा कार्यालयका उप-निर्देशक सम्झना ढकालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक जोशीले कार्यक्रममा उठेका विषयलाई सम्बोधन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

कार्यालयका प्रधान सहायक जितेन्द्रराज शाक्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पोखरामा अपाङ्गमैत्री बैंकिङ प्रणालीसम्बन्धी अन्तरक्रिया

पोखरा कार्यालयले वैशाख ३१ गते अपाङ्गमैत्री बैंकिङ प्रणालीको विकाससम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

पोखरा कार्यालयका निर्देशक आर्या जोशीको संयोजकत्वमा आयोजित कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश, अपाङ्गतासम्बद्ध संघसंस्था, नेपाल बैंकर्स एसोसिएसन गण्डकी च्याप्टर, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपाल प्रदेश च्याप्टरका अध्यक्ष/संयोजक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंकका गण्डकी प्रदेश प्रमुख, पोखरा फाइनान्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृतलगायतको उपस्थिति थियो ।



सो अवसरमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले फरक क्षमता भएका व्यक्तिको लागि वित्तीय पहुँच तथा समावेशितासम्बन्धी नीतिगत व्यवस्था, समस्या र समाधानका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहभागीका तर्फबाट अपाङ्गता भएका व्यक्तिले सहज बैंकिङ सेवा प्राप्त गर्न नसकेको विषयमा जानकारी गराइएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले फरक क्षमता भएका व्यक्तिलाई सहज ढङ्गले सेवा प्रवाह गर्न आवश्यक व्यवस्था गर्ने प्रतिबद्धता जनाउनुभयो । सो अवसरमा कार्यालयका उप-निर्देशक सम्झना ढकालले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । ■

# विराटनगरमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले वैशाख २६ गते सुनसरीको इटहरीमा 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

वित्तीय जानकारी इकाइको समन्वयमा कार्यालयले उक्त अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा इटहरीस्थित वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीका शाखा पबन्धक, वित्तीय जानकारी इकाइमा रिपोर्टिङ कार्यमा संलग्न कर्मचारी, सुनसरी र मोरङमा केन्द्रीय कार्यालय रहेका लघुवित्त वित्तीय संस्थाका कर्मचारी, विदेशी मुद्रा कारोबार गर्ने मनिचेञ्जर, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राजस्व अनुसन्धान कार्यालयका प्रतिनिधिलगायत ५३ जनाको सहभागिता थियो ।




कार्यक्रममा वित्तीय जानकारी इकाइका उप-निर्देशक विष्णुप्रसाद गुरागाईं र सहायक निर्देशक अर्जुन सुवेदीले क्रमशः AML/CFT Related Interaction र Reporting Mechanism of GoAML विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा निर्देशक इन्द्रा चम्लागाई मैनालीले सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीका कारण अर्थतन्त्रमा पर्ने असरबारे जानकारी दिने सन्दर्भमा उक्त कार्यक्रम महत्वपूर्ण रहेको धारणा राख्नुभयो ।

सो अवसरमा विराटनगर कार्यालयका उप-निर्देशक कर्ता श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै 'A Brief Overview on AML/CFT Regime' विषयमा वार्ता प्रस्तुत गर्नुभयो भने सहायक निर्देशक अनिल सिवाकोटीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# गोरखाको बगुवामा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक'




गभर्नरको कार्यालयले वैशाख ३१ गते गोरखाको भिमसेन थापा गाउँपालिका-५, बगुवास्थित शान्ति माध्यमिक विद्यालयमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो ।

विद्यालयको प्रधानाध्यापक सुनिल खनालको सभापतित्वमा आयोजित कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक टेकराज भण्डारीले वित्तीय साक्षरतासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय साक्षरताको परिचय, बचतको महत्व, बैंकमा खाता खोल्ने प्रक्रिया, सक्कली नोट पहिचान गर्ने विधि र आगामी दिनमा सजगता अपनाई विद्युतीय कारोबारको प्रयोग गर्नुपर्ने विषयमा छलफल भयो । कार्यक्रममा कक्षा ९-११ का ८८ जना विद्यार्थीको सहभागिता थियो ।

गभर्नरको कार्यालयका सहायक निर्देशक समिरहरि शर्माले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो । साथै, नेपाल राष्ट्र बैंकले गरेको कार्यक्रमलाई धन्यवाद दिँदै प्रधानाध्यापक खनालले समापन मन्तव्य राख्नुभयो भने गभर्नरको कार्यालयका सहायक निर्देशक विजयकृष्ण कुटुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विद्युतीय भुक्तानी प्रवर्द्धनसम्बन्धी गीत सार्वजनिक

नेपाल राष्ट्र बैंकले विद्युतीय माध्यमबाट हुने भुक्तानीलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ यससम्बन्धी गीत तयार गरेको छ ।



बैंकद्वारा वैशाख १६ गते काठमाडौंमा आयोजित 'विद्युतीय भुक्तानी प्रवर्द्धन प्रभातफेरी'को शुभारम्भ गर्ने क्रममा गभर्नर महाप्रसाद अधिकारीले उक्त गीत सार्वजनिक गर्नुभयो । 'विद्युतीय कारोबार गरौं' बोलको उक्त गीतमा विद्युतीय माध्यमबाट भुक्तानी गर्दा सजिलो, छिटो र सुरक्षित हुने सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले रचना गर्नुभएको उक्त गीतमा विषम आचार्यको सङ्गीत तथा प्रताप दास र ममता गुरुङको स्वर रहेको छ । ■

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले वैशाख महिनामा विभिन्न दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले वैशाख १९ र २० गते ललितपुरमा Financial Literacy Framework Guidelines Implementation Program for BFIs विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा वाणिज्य बैंकका २१, विकास बैंकका आठ, फाइनान्स कम्पनीका सात र नेपाल बैंकर्स एसोसिएसनका एक गरी ३७ जना प्रतिनिधिको सहभागिता थियो । छ वटा सेसनमा सञ्चालित तालिममा नेपालमा वित्तीय साक्षरताको पृष्ठभूमि, यससम्बन्धी नीतिगत व्यवस्था, वित्तीय साक्षरतामा राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाबाट भएका अभ्यासबारे प्रशिक्षण दिइएको थियो ।

यसै गरी, केन्द्रले वैशाख २४ देखि २९ गतेसम्म Epirical Methods for Financial Market Research विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । सत्र वटा सेसनमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयका २९ जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा फाइनान्सियल टाइम सिरिजका विविध विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो । ■

# अवकाश

वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक ढुण्डीराज मिश्रले २०८० वैशाख ५ देखि सेवाबाट अवकाश पाउनुभएको छ । यसै गरी, सिद्धार्थनगर कार्यालयका उप-सहायक मणिकला चालिसेले पनि २०८० वैशाख २० देखि अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको शुभकामना व्यक्त गर्दछ । ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल